# नेपालमा धार्मिक, सांस्कृतिक समन्वय र गुह्येश्वरी वा नैरात्म्ययोगिनी

**उद्धव पुरी (पिएच.डी)**

**इतिहास केन्द्रीय विभाग**

**druddhabp@gmail.com**

**Doi: 10.3126/voh.v33i1.88867**

**सारसङ्क्षेप**

*प्रस्तुत अध्ययन नेपालमा सांस्कृतति समन्वय वा धार्मिक सहिष्णुतासँग सम्बन्धित रहेको छ । नेपालमा प्राचीनकालदेखि कायम रहँदै आएका हिन्दू र बौद्ध धर्मसंग सम्बन्धित धार्मिक मठ, मन्दिर, जात्रा र चाडपर्वहरू समन्वयात्मक रूपमा सञ्चालन हुँदै आएका छन् । वर्तमान समयमा पनि यहाँका जातजाति, परम्परागत धर्म तथा संस्कृतिमा सांस्कृतिक समन्वयता कायमै रहेको पाइन्छ । यो धार्मिक समन्वयसँगै उपत्यकाको गुह्येश्वरी अध्ययनको प्रमुख क्षेत्र रहेको छ । काठमाडौं उपत्यकामा बसोबास गर्ने मुख्यतः नेवार समुदायका मानिसहरु केही बौद्ध र केही सनातन हिन्दू धर्ममा आवद्ध हुँदै आएका छन् । उपत्यकाका काँठ क्षेत्रमा बस्दै आएका ब्राह्मण, क्षेत्री जस्ता हिन्दू सम्पदायका मानिसहरू र अन्य तामाङ, गुरुङ, मगर जस्ता केही मतवाली जातिका मानिसहरु केहीले बौद्ध र केहीले हिन्दू तथा बौद्ध दुवै धर्म मान्दै आएका छन् । उपत्यकामा सनातनमा शैव र वैष्णव परम्पराले बढी मान्यता पाएको छ भने बौद्धमा महायानको वज्रयान परम्पराको बाहुल्यता छ । दुबै परम्परामा पूजाआजाका साथै तन्त्रयान र साधनाको पनि विशेष महत्व हुन्छ । गुह्येश्वरी यही परम्पराको ज्वलन्त उदाहरण हो । त्यसैले धार्मिक सहिष्णुताको प्रतिक मानिएको नेपाली संस्कृतिमा गुहेश्वरीलाई आधार बनाएर यसैसँग सम्बन्धित सामाग्री खोजी एवम् संकलनगरी धार्मिक र सांस्कृतिक परम्पराको वर्णनात्मक, विश्लेषणात्मक आधारमा अध्ययन पुरा गरिएको छ जसलाई दुवैका आस्थावान र गुरूवर्गले समेत निकै प्राथमिकतामा राखि पूज आरधना, तन्त्र शक्ति र साधनाका लागि अभ्यास गर्दछन् । हिन्दू, बौद्ध दुबैले गुह्येश्वरीको केही मेला, पर्व र जात्रामा सहकार्यमा गर्दछन् र आ–आफ्नो मान्यता अनुसार पूजाआजा, जात्रा उत्सव सम्पन्न गर्दछन् । जसको निरन्तरता ऐतिहासिककालदेखिनै चल्दै आएको छ र यसलाई नेपालको धार्मिक र सांस्कृतिक समन्वयको उदाहरणको रूपमा लिन सकिन्छ । अध्यनयनका क्रममा धार्मिक समन्वय कायम रहेको निष्कर्ष निकालिएको छ ।*

***शब्द कुञ्जी :*** *तन्त्र, समन्वय, परब्रह्म, नैरात्म्य, चित्तशक्ति ।*

**परिचय**

नेपालको धार्मिक र सांस्कृतिक समन्वयका लागि उपत्यका र यहाँ प्रचलनमा रहेका धार्मिक र सांस्कृतिक परम्परा, देवी देवता, मन्दिर, बिहार, चाडपर्व, मेला जात्रा एवम् दैनिकीका बारेमा जान्न बुझ्न आवश्वक छ । यहाँ परापूर्वकालदेखिनै शैव, वैष्णव र महायान बौद्ध धर्म बज्रयानको उत्तिकै प्रचलन रहेका देखिन्छ । दैनिकी रूपमा गरिने पूजा आजा, व्रत, दान लगायत मठ मन्दिर र बिहार भ्रमण एकै दिन एकै स्थानमा भए गए पनि त्यहा सनातन र बौद्ध

दुबैले आ–आफ्नो विधि र परम्पराले पूजा आरधना सम्पन्न गर्दछन् । एकले आर्कालाई कुनै अवरोध वा बाधा पुऱ्याउदैनन् (वज्राचार्य, २०६५) । कतिपय चाड पर्व र मेला, जात्रामा दुबैको समान सहभागिता र आ–आफ्नै परम्परा र विधिबाट काम सम्पन्न गर्नुपर्ने मान्यता र विश्वस पनि छ । त्यस्तै उपत्यकामा रहेको सनातन र बौद्ध दुबैले उत्तिकै महत्वका रूपमा लिने गुह्येश्वरीलाई पनि मान्न सकिन्छ ।

सनातनहरू गुह्येश्वरीलाई माहदेवको अर्धाङ्गिनी सतिदेवी देवीको गुह्यपतन भएको स्थानको रूपमा पवित्र तीर्थ स्थल मान्दछन् भने तन्त्र साधना गर्नेहरू गह्येश्वरी देवीलाई तन्त्र शक्तिको स्रोत र तन्त्र विद्या साधनाको लागि मुख्य देवी मान्दछन् । त्यसैगरी महायान बौद्ध मार्गीहरू गुह्यकालीलाई नैरात्म्ययोगिनीका रूपमा मान्दछन् (रेग्मी, २०५३) । उपत्यकाको उत्पत्ति र मञ्जुश्रीसँग यसको सम्बन्ध जोड्दछन् । बौद्धहरूको मुख्य पूजा विधि र परम्परा तन्त्रसँग नै सम्बन्धित भएको देखिन्छ । यहाँ दुबै धर्मावलम्बीहरूले मान्ने र पुज्ने विधि परम्परा र आरधनाको विशेष दिन पनि सामन्यतया सँगसगै भएको पाइन्छ । पूजारी र पूजा विधि भने फरक फरक हुन्छ र आफ्नै परम्परा अनुसार चल्दै अनि चलाउदै आएको देखिन्छ । यस अर्थमा दुबै सम्प्रदायको विशेष र आस्थाको केन्द्र मानिएको गुश्येश्वरी वा नैरात्म्ययोगिनी उपत्यका र नेपाली परम्परामा धार्मिक सांस्कृतिक र समन्वयको देवी वा योगिनी भएको मान्नु पर्दछ ।

**अध्ययन विधि र सामग्री**

प्रस्तुत अध्ययन गुणात्मक विधिमा आधारित रहेको छ । यस अध्ययनमा सहायक स्रोतको मात्र प्रयोग गरिएको छ । नेपालको धार्मिक र सांस्कृतिक समन्वयको महत्व राख्ने यो लेख वर्णनात्मक र विश्लेषणात्मक दुवै आधारमा तयार पारिएको छ । जसअनुसार सनातन हिन्दू र महायान बौद्ध धर्मको उपत्यकामा प्रचलित बज्रयान परम्परा र विधिलाई क्रमशः उल्लेख गर्दै ती विषयगत कुराहरूलाई विश्लेषण गरिएको छ । विशेषगरी गुश्येश्वरी वा नैरात्म्ययोगिनीका बारेमा सनातन र बौद्धमार्गीहरूले आ–आफ्नो महत्वका आधारमामात्र लेख्ने गरेको देखिन्छ । जुन एक पक्षीय धारणाका लागि उपयोगी छन् । तर यसै विषयलाई मात्र आधार बनाएर धार्मिक र सांस्कृतिक समन्वयका रुपमा लेखिएको सामाग्रीहरू भने भेटिएनन् । तर पनि यो अध्ययन तयार पार्नका लागि यस विषयसँग ती सम्बन्धित प्राप्त भएसम्मका प्रकाशित द्वितीय स्रोतहरूको प्रयोग गरिएको छ भने आफ्नो अवलोकन र विश्लेषणलाई पनि आधार मानिएको छ । यहाँ प्रचलित सनातन र त्यस भित्रको शैव पररम्परा गुह्येश्वरी देवीसँग बढी सम्बन्धित भएको देखिन्छ भने बौद्धको परम्परामा विशेषगरी उपत्यकामा बसोबास गर्ने नेवार समुदायका बज्रयानीहरू शक्तिशाली योगिनीका रूपमा रहेको ठान्दछन् । त्यसैका आधारमा स्रोत सामाग्रीहरू उपलव्ध भएका छन् । धार्मिक र सांस्कृतिक रूपमा त्यहा हुने कतिपय पूजा, मेला वा पर्व एकै दिन एकै समयमा सहकार्यमा चल्दछन् भने केही विधिहरू भिन्न तरिकाले सम्पन्न गरिन्छ । विशेषगरी यो दुबैको तन्त्र साधनास्थल पनि भएको र सोही आधारमा सामाग्री खोजी एवम् संकलनगरी वर्णनात्मक रूपमा व्याख्या गर्दै विश्लेषणात्मक तवरले धार्मिक र सांस्कृतिक समन्वय पक्षको उल्लेख गरिएको छ । यसरी गुश्येश्वरी वा नैरात्म्ययोगिनीले नेपालकमा परम्परादेखि सनातन हिन्दू र बौद्धको बज्रयान सम्प्रदायमा प्रचलनमा रहेको धार्मिक र सांस्कृतिक समन्वयको महत्वपूर्ण नेतृत्व गरिरहेको पुष्टिगर्न सकिन्छ ।

## उपत्यकाको समन्वयात्मक परिचय

उपत्यकामा एकै देवी देवतालाई आफ्नो धार्मिक तिथि मितिका आधारमा एकै साथ वा भिन्दा भिन्दै रूपमा पनि मान्ने र पूजा आजा गर्ने चलन छ । इस्वीको सातौं शताब्दीको आधा आधीतिर नेपालको दक्षिण सीमाबाहिरका चीनियाँ यात्री ह्वेनसाङले नेपालका बारेमा टिप्पणी लेख्दा नेपालमा हिन्दू र बौद्ध मन्दिरहरू जोडिएर बनेका छन् भनी त्यही बेलादेखि नेपालमा धर्महरूमा समन्वयको आदर्श भावना रहेको औंल्याएका छन् (रेग्मी, २०५०) । यस किसिमको परम्पराले अहिलेसम्म पनि निरन्तरता पाउदै आएको देखिन्छ ।

विशेषतः काठमाडौं उपत्यकामा नेवार संस्कृति अर्न्तगत उनीहरूले धर्म, संस्कार, कलाकौशल, साहित्य, सङ्गीत, नृत्य आदि क्षेत्रमा सबैभन्दा बढी योगदान दिएका छन् । यहाँ विद्यमान मूर्ति, चैत्य, स्तुप, बहाःबही, रीतिस्थिति र चाडपर्व आदिको अध्ययनले नेपाली संस्कृति र संस्कार निर्माणमा नेवारहरूको विशेष योगदान रहेको देखाउँछ (श्रेष्ठ, २०६६) । धार्मिक दृष्टिमा नेवार जाति मुख्यतः दुई समूह र अन्य उप समूहमा विभाजित छन् । उनीहरू बौद्ध र हिन्दू धर्मावलम्बीका साथै प्रकृतिपूजक पनि छन् । उनीहरूले विशेष अवसरमा आफ्नो बेग्लै पहिचानलाई पनि जोगाएका छन् र अरू समान परम्परा र संस्कारलाई पनि अवलम्वन गर्दछन् (वज्राचार्य, २०६५) । यहाँको यस्तो धार्मिक र सांस्कृतिक समन्वयले बेग्लै वा सहिष्णुताको परम्पराको विकास गर्दै आएको छ । जुन नेपालको लागि मात्र नभएर संसारकै लागि अनुपम र उदाहरणीय संस्कृति र संस्कार प्रस्तुत गर्दै आएको छ । नेवार बौद्ध संस्कार र हिन्दू संस्कार एउटै संस्कृतिमा विकसित भई आएका धर्म र संस्कृति भएकाले कतिपय कुरामा दुबैको साझा शब्द र केही परम्परागत गतिविधि पनि रहेका छन् । तर कतिपय अवस्थामा उनीहरूको धर्म र संस्कारको अर्थ र सार फरक फरक देखिएको छ । हिन्दू र बौद्धहरूको उच्चरित वाक्य, मन्त्र, धारणी, स्तुति, गाथा फरक फरक र आफ्नै धर्म, संस्कृति र दर्शनमा आधारित छन् (पुरी, २०७६) । जसलाई दुबैले परम्परादेखि मान्दै र मनाउदै आएका छन् र आ–आफ्नै गनतव्य वा लक्ष्यमा पुगेको मान्दछन् ।

उपत्यकाका धेरै नेवारहरू बज्रयानी भए पनि उनीहरूको प्रचलन भारत, तिव्बत र अन्य देशहरूको बज्रयानीहरूमा भन्दा केही फरक देखिन्छ । यो चलन र परम्परा नेपालमण्डलका नेवारहरूमा मात्र छ भन्न मिल्दछ । वास्तवमा बौद्ध र हिन्दू धर्मको भिन्दा भिन्दै सिद्धान्त र संस्कारहरू रहेका छन् । हिन्दू धर्म अनुसार ब्रह्मा, विष्णु र शिवलाई त्रिदेव मानिन्छ । ब्रह्मा सम्पूर्ण ब्रह्माण्डको सृष्टिकर्ता, विष्णु पालनकर्ता र शिव संहारकर्ता मानिन्छन् । हिन्दूहरू दैवी शक्तिलाई पूजा गर्दछन् वा मान्दछन् । उनीहरू जीवको आत्माको मुक्ति, परमात्मा, परब्रह्म, चित्त, चिदानन्द, चित्तशक्ति, महामाया सबै परम शिवमा केन्द्रित भएको हुन्छ भन्ने ठान्दछन् भने प्रत्येक जीवको आत्मा एकै ब्रह्मसँग सम्बन्धित भएको तथा आत्मा अमर र नित्य भएको मान्दछन् । हिन्दू धर्म उपनिषद्को धारणाअनुसार प्रत्येक पाशबद्ध जीव, जन्म र मरणबाट मुक्त भई मोक्ष प्राप्त गरेपछि पनि आत्माको अन्त्य नभई सो आत्मा परब्रह्ममा विलीन हुन पुग्दछ भन्ने ठान्दछन् । तर बुद्धद्वारा प्रतिपादित बौद्धधर्म अनित्य, दुःख र अनात्मा सहित त्रिलक्षणमा आधारित छ (

उपाध्याय, सन् २००२) । कतिपय अवस्थामा सनातन हिन्दू र महायान बौद्ध धर्ममा प्रचलित चाडपर्व, मेला, जात्रा, दैनिकी उस्तै उस्तै जस्तो देखिएपनि भिन्न र विपरित हुन्छन् ।

विशेष गरी बौद्ध धर्म चतुआर्यसत्य, अष्टाङ्गिक मार्ग, पञ्चशील, अष्टशील, द्वादशाङ्ग प्रतित्यसमुत्पाद र हेतुवादमा केन्द्रित छ । बौद्ध धर्मअनुसार राग, द्वेष, मोह र सम्पूर्ण इन्द्रियहरूको पूर्ण नाश गरी जन्म मरणको चक्रबाट विमुक्त भई बोधिज्ञान प्राप्त गरिसकेपछि निरञ्जन, निराकाररूपी शून्यतामा विलीन भएर जानु नै निर्वाण हासिल गर्नु हो । साथै शून्यता भन्नु नै अनात्माकै परिष्कृत रूप हो । बौद्ध धर्मको मूल उद्देश्य नै निर्वाण प्राप्त गर्नु हो । मानव शरीरमा काय, वाक् र चित्तसम्बन्धी तीन गुह्य धर्म अनुष्ठानबाट बुद्धत्वसम्मको मार्गमा जान सकिन्छ भन्ने धारणा बौद्ध धर्ममा पाइन्छ (वज्राचार्य, २०६५) । विशेष गरी नेवार बौद्ध धर्ममा वा उपत्यकामा प्रचलित बज्रयानमा तन्त्रयानको महत्व विशेष रूपमा देखिन्छ । तन्त्रको मूल उद्देश्य सिद्धि प्राप्त गर्नु हो र जीवन सुस्वास्थ्य, समृद्धि र शक्ति प्राप्त गर्नु हो । यसको मूलभूत उद्देश्य मन्त्र र संस्कारबाट प्रज्ञा अथवा ज्ञान प्राप्त गर्नु हो (कोन्ज, सन् १९५९) । महायान बौद्ध धर्मको बज्रयान परम्परालाई मान्ने सबैले यसैखालको अभ्यास गर्दै आएका छन् ।

यता हिन्दूहरूको मन्त्र, तन्त्र वा तान्त्रिक अभ्यासको अर्थ विस्तार गर्ने वा तन्काएर मुक्त गर्ने भन्ने हुन्छ । प्राणीलाई परमात्मासँग मिलाउने गरी तन्काउने भएकोले तन्त्र भनिएको हो । बौद्धहरू तन्त्रलाई प्रबन्धको रूपमा लिन्छन् । हिन्दू तन्त्र अद्वैत सिद्धान्तमा, काश्मिरी शैव तन्त्र शैवद्वैत, शाक्त तन्त्रहरू शाक्तद्वैतमा आधारित छ भने बौद्ध तन्त्र अनित्य, दुःख र अनात्मा (त्रिलक्षण) मा आधारित छन् । हिन्दू तन्त्रमा देवताको मन्त्र जपमा जोड दिइन्छ भने बज्रयानमा देवीदेवताहरूको उत्पत्तिक्रम र सम्पन्न क्रमको अभ्यास गरिन्छ । बौद्ध तन्त्रमा देवीदेवताहरूलाई आफ्नो मनको स्वरूपको रूपमा मानिन्छ भने हिन्दू तन्त्रमा देवीदेवताहरूलाई ईश्वरको रूपमा मानिन्छ । त्यस्तै बौद्ध धर्ममा नेवारहरूले सांस्कृतिक संस्कार कर्म र अन्य पूजा सम्पन्न गर्दा बज्राचार्य परिवारका दीक्षित व्यक्तिलाई मान्दछन् । यिनीहरूलाई गुभाजु पनि भनिन्छ । शिवमार्गी नेवारहरूले भने पुरोहित ब्राह्मणका रूपमा राजोपाध्यायलाई मान्दछन् । यिनीहरूलाई देउभाजु पनि भनिन्छ (श्रेष्ठ, २०६७) । अरू हिन्दू जातकाहरूले ब्राह्मणलाई आफ्नो गुरू पुरोहित मान्दछन् । तर पनि दुबै धर्मका अनुयायी बिच कतिपय धार्मिक परम्परा, संस्कार र सांस्कृतिक कार्यमा सहकार्य एवं समन्वय देखिन्छ । नेपालमा प्राचीन कालदेखि नै तन्त्र साधनाका दुई धारहरू छन् । जसमा हिन्दू र बौद्ध तन्त्र रहेको देखिन्छ (पुरी, वि.सं. २०७६) यी यस्ता आपसमा बेग्ला बेग्लै धारमा देखिए पनि यिनमा मिलन हुने वा समन्वयात्मक बिन्दुहरू धेरै देखिन्छन् ।

तन्त्रशास्त्रमा ज्ञानको विस्तार गरिएको हुन्छ । यो शब्दलाई साधनाशास्त्रको रूपमा प्रयोग गरिएको हुन्छ । मन्त्रहरूको प्रयोग गर्दै देवतालाई प्रसन्न बनाएर आफ्नो इष्टसिद्ध गर्ने साधना जुन शास्त्रमा पाइन्छ त्यसैलाई तन्त्र भनिन्छ । यो परिभाषा सामान्यतया हिन्दू र बौद्ध दुबै साधनाका लागि समान रूपले लागू हुन्छ (भट्ट, २०६२) दुबै धर्मावलम्बीहरूको तन्त्रको मूल स्रोतको रूपमा हेर्दा हिन्दूले शिवलाई मान्दछन् भने बौद्धहरू बुद्धलाई मान्दछन् ।

हिन्दूहरूका अनुसार शिवले नै जनकल्याणका लागि आफ्नै मूल स्वरूप आफैमा निहित ज्ञानराशीलाई दश शैव, अठार भैरव र चौसठ्ठी तन्त्र वा आगमका रूपमा आफैबाट अभिन्न शक्तिलाई उपदेश गरे । यसैबाट मानिसको अज्ञानको निवारण भयो र उनीहरू पशुत्वबाट माथि उठेर मुक्त भए । त्यस्तै बौद्ध तन्त्र पनि प्रथमतः बीजरूपमा बुद्धको उपदेशमा विद्यमान थियो र त्यसैको विश्लेषण पछि बुद्धकै शिष्यहरूले विभिन्न संगीतिहरूमा गरे र महायान एवं त्यसैअर्न्तगत मन्त्रयान वज्रयानको विकास भयो भन्ने विद्यानहरूको निष्कर्ष छ । जसलाई गौतम बुद्धभन्दा अगाडि देखि नै चल्दै आएको मानिन्छ । हिन्दू तन्त्र शिवबाट समुदित भएर जनकल्याणको माध्यम भएजस्तै बौद्ध तन्त्र महाकारुणिक बोधिसत्वबाट समुदित भएर क्लेशावरण र ज्ञेयावरणबाट जनउद्धारको कारण बन्यो । यसरी शिव र बोधिसत्वलाई समान रूपले भवबन्धनबाट मानिसलाई मुक्त गर्ने परम उद्धारक मान्नुपर्दछ (श्रेष्ठ, २०६७) । यो दुबै सम्प्रदायको बेग्ला बेग्लै मान्यता र विश्वास पनि हो ।

वास्तवमा वेदलाई प्रमाण मान्ने आस्तिक र नमान्ने नास्तिक भन्ने परिभाषाका आधारमा वेदमूलक तन्त्र आस्तिक र बौद्धतन्त्र नास्तिक भनिने गरिन्छ । तर पनि यो भेद औपचारिक मात्र भएको देखिन्छ र तात्विक होइन । जन्म र मृत्यु, जीवनका दुःखहरू, दुःखको उदय, दुःखबाट मुक्ति, मुक्तिको उपाय यिनका रहस्यहरूको खोज हिन्दू र बौद्ध दुबै धर्ममा समान रूपमा भएका छन् । वैदिक तान्त्रिक दर्शनमा शिवत्वप्राप्ति र बौद्ध तान्त्रिक दर्शनमा सम्यक् सम्बोधिप्राप्ति दुबै दुःखको परम निवृत्तिकै उपाय मानिएका छन् । शैव तन्त्र र बौद्ध तन्त्रको कुरा गर्दा ब्रह्मा त्यही तत्व हो जो शून्य तत्व हो । परमार्थतः ब्रह्मावाप्ति र शून्यत्वप्राप्ति एउटै नै हो । त्यसरी नै हिन्दू र बौद्धमा समन्वयको अर्को आधार योग हो । बौद्ध र हिन्दू दुबै तन्त्रमा योग साधना प्राप्तिको मार्ग हो (भट्ट, २०६२) । त्यसमध्ये केही विशिष्ट वा प्रतिनिधिमूलक बन्ने धार्मिक र सांस्कृतिक समन्वयका उदाहरणहरूको यहाँ व्याख्या गरिन्छ । धार्मिक समन्वयका रूपमा केही प्रख्यात मन्दिर, देवी देउता, चैत्य र तीर्थस्थलहरूको उल्लेख गर्न सकिन्छ । त्यसमध्ये नेपालको वैदिक वा प्राचिनकालदेखिनै धार्मिक एवम् सांस्कृतिक समन्वयको रूपमा सनातन र बौद्धका लागि महत्व राख्ने गुह्येश्वरीका सम्बन्धमा केही अध्ययन अनुसन्धान गरिएको छ ।

**श्री गुह्येश्वरी**

गुह्येश्वरी मन्दिर पशुपतिको पूर्व–उत्तरतर्फ रहेको छ । मन्दिरमा भगवतीको कलश आकारको प्रतिमा र सँगै श्री भैरवको प्रतिमा प्रतिष्ठापित गरिएको छ । कलशाकार प्रतिमा पनि जलको कुण्डलाई छोपेर राखिएको छ । प्रताप मल्ल अघिका अभिलेखहरू त्यहाँ नपाइए पनि देवीभागवत पुराणमा शाक्तहरूले दर्शन गर्नुपर्ने स्थल नेपालको गुह्येश्वरी भनी उल्लेख भएकोले यो प्राचीन स्थल हो भन्ने देखिन्छ । गोपाल वंशावलीमा मृगारेश्वरीको उल्लेख छ र मृगार भनेको सुनको कलश हो । कलशरूपा गुह्येश्वरी नै गोपाल वंशावलीको वर्णन मान्न सकिन्छ (पूर्णिमा, पूर्णाङ्क ७२, २०४४) । त्यस्तै वराहपुराणले शिखरवासिनी देवीलाई पार्वती मानी श्लेष्मान्तक वनमा रहेकी छिन् भनेको छ । यसलाई पशुपति पुराणले पुष्टि गरेको छ । हिमवत्खण्डमा पार्वती गुप्त भएको छिद्र गुह्येश्वरी भनिएको छ । नेपाल महात्म्यमा भने

सतीदेवीको अङ्ग पतन भएको भनिएको छ । मेरुतन्त्रमा सतीदेवीको गुह्य पतन भएको पीठ भनी उल्लेख छ (रेग्मी, २०५०) । नेपालका बिभिन्न क्षेत्रमा सतीदेवीको अंगको पतन पछि बनेका पीठहरू छन् ।

**पुरानो र अन्य गुह्येश्वरीहरू**

त्यस्तै काठमाडौंको बालाजु नजिकै गोलढुङ्गामा पनि श्री गुह्येश्वरीको मन्दिर छ । यहाँ ढुङ्गाको कलश आकारको प्रतिमा छ । यो पुरानो गुह्येश्वरीका रूपमा प्रसिद्ध छ । यस मन्दिरको वरपर गणेश, कुमार, सूर्य, बुद्ध र अन्य देवी–देवताहरूका पनि मूर्तिहरू, सूर्य र चन्द्र नामक दुई पोखरीहरू पनि रहेका छन् । किंवदन्तीअनुसार पशुपतिनजिकको गुह्येश्वरी पत्ता नलागेसम्म यसैलाई सतीदेवीको गुह्य पतन भएको स्थान मानिएको थियो । अर्को किंवदन्ती अनुसार महादेव कालकूट विष गलामा राखी त्यसको दहन सहन नसकी चिसो ठाउँको खोजी गर्दै गोसाईंकुण्डतर्फ जान लाग्दा यस स्थानमा विश्राम गर्नुभयो । सँगै आएकी पार्वती त्यहाँ आइपुग्दा रजोवती भई पतिसँग हिँड्न नहुने भएकाले त्यही बसी चार दिन बिताउनु भयो र त्यसैकारण त्यसलाई पुरानो गुह्येश्वरी भनिएको हो । त्यसैगरी हनुमानढोकामा सानो प्रस्तर युगल कलशाकार प्रतिमा छ, त्यसलाई पनि गुह्येश्वरीको रूपमा मानिन्छ र लोकन्थलीमा रहेको दिव्येश्वरीको ध्यानयुक्त प्रतिमालाई पनि गुह्येश्वरी मानिन्छ (भट्ट, २०६२) । यस्ता सबै स्थलहरू सनातन हिन्दू र महायान बौद्ध धर्म मान्नेहरूको समान र बेग्ला बेग्लै आस्था र धार्मिक स्थल बनेर चल्दै आएको देखिन्छ ।

श्री गुह्येश्वरीलाई सनातन हिन्दू धर्मावलम्बीहरूले सत्ययुगको महादेव र सतीदेवीको कथासँग जोडेर उल्लेख गर्दछन् । स्कन्द पुराण र श्री स्वस्थानीमा उल्लेख भएअनुसार दक्ष प्रजापतिकी छोरी सतीदेवी जेठी कन्या हुन् । उनको विवाह शिवसँग भएको थियो । यो विवाह दक्ष प्रजापतिलाई मन परेको थिएन । उनले गरेको यज्ञमा उनीहरूलाई निम्ता गरिएन । अरू तेत्तीस कोटी कन्याहरूलाई निम्ता गरिएको थियो । उनी दुःखी भई शिवले रोक्तारोक्तै पनि पिताको यज्ञमा गइन् । त्यहाँ दक्षले शिवको निन्दा र अपमान गरेको देखिन् । त्यो सहन नसकी उनले यज्ञ कुण्डमा हाम फाली प्राण त्याग गरिन् । शिवले त्यो कुरा थाहा पाएपछि महाकालीलाई पठाई दक्षको यज्ञ पनि विध्वंस गराए । त्यसपछि शिवले सतीदेवीको मृत शरीर काँधमा बोकेर यत्र तत्र हिँड्न थाले । विष्णुले आफ्नो मायाले सतीदेवीको शरीरलाई किरा पारी गलाइदिए । सतीदेवीका बिभिन्न अङ्गहरू एक एक गरी खस्दै गए । ती अङ्गहरू खसेका स्थानलाई शक्तिपीठका रूपमा लिइयो । उक्त स्थानमा सतीदेवीको गुह्य पतन भएकाले त्यसलाई श्री गुह्येश्वरी भनियो । स्कन्द पुराण हिमवत् खण्ड नेपाल माहात्म्यमा उल्लेख भएअनुसार योगीश्वर राजा देवीदास योगीहरूका साथमा नेपाल आए र सिद्धपीठ र महापीठहरूको दर्शन गरे तर उनीहरूले गुह्येश्वरीको दर्शन नगरेका कारण शक्तिहीन भए र पछि गुह्येश्वरीको दर्शन गरेपछि शक्तिप्राप्त गरे । भगवती पार्वती गुह्यालाई महाकालरात्रि, कृशाङ्गी (दुब्ली), कृष्णा, कमलवक्त्रा (डरलाग्दी) इकारादिरूप भद्राकाली आदि नाममा स्तुति गरिन्छ । त्यही गुह्येश्वरीलाई मणिमय पीठमा विराजमान ज्ञानरूपा, ज्योतिर्मय श्री गुह्यकाली भनिएको छ । उनले पहिले श्लेष्मान्तक वनलाई वरदान दिएकी थिइन् र आज पनि यो वन श्री पशुपति र श्री गुह्येश्वरीका परिसरमा रहेको छ । देवीभागवत, मेरुतन्त्र आदि ग्रन्थहरूमा पनि

नेपालमा गुह्याकालीको महापीठ रहेको र त्यहाँ वाममार्गले पूजा अर्चना हुने सिद्धपीठ भएको चर्चा छ । त्यस्तै आद्यशङ्कराचार्य पनि नेपाल आउँदा आफ्नै कमण्डलुको जल समेत खान नसक्ने गरी शक्तिहीन भएको र भगवती गुह्याले बालिकाको रूपमा प्रकट भई जल खान दिएपछि शक्ति प्राप्त गरेको उल्लेख छ (भट्ट, २०६२)। शंङ्कराचार्य नेपाल आएको र पशुपति गएको प्रसंग इतिहासका रूपमा पनि प्रमाणित छन् ।

कालीहरूमा पनि विशिष्ट कालीका रूपमा मानिएकी गुह्येश्वरीका नामका पनि अनेकौं अर्थ रहेका छन् । गुह्य पनत भएकाले, गुह्य (रहस्यरूपा), गोप्य पूजा अर्चना हुने भएकाले, गुह्य (गुढ) स्वरूप भएकाले, गुह्य (मूलाधार चक) की अधिष्ठात्री भगवती भएकाले, गुह्यक भन्ने पर्वत कन्दरावासी जातिका सिद्धहरूले उपासना गरेकाले गुह्येश्वरी वा गुह्यकाली भन्ने गरिएको देखिन्छ । गुह्यकालीका अरू पनि धेरै नाम छन् । सहस्त्रनाम (हजार नाम) र अष्ठोत्तरशतनाम (एक सय आठ) नाम प्रसिद्ध छन् । त्यसमध्ये बाह्र नाम प्रसिद्ध छन् ती हुन्– गुह्यकाली, गुह्ययोगिनी, योगेश्वरी, महायोगेश्वरी, महाकाली, काली, गुह्येश्वरी, सिद्धयोगिनी, महाचण्डी, योगिनी, सिद्धकराली र चिच्चण्डा–गुह्यकाली । विशिष्ट स्थानमा रहेकी गुह्यकालीलाई उत्तराम्नायका साधकहरू आद्य महाविद्याका रूपमा लिन्छन् । कलियुगमा कालीको विशिष्ट स्थान हुन्छ र उनको उपासनाविना मुक्ति हुँदैन भन्ने शास्त्रीय वचनहरू रहेका छन् । काललाई नियन्त्रित गर्ने, आफ्नो गाँस बनाइदिने, कालले प्रभावित पार्न नसक्ने, अरू काललाई पनि वशमा राख्ने हुनाले भगवतीको नाम काली भएको हो र उनको दर्शन पाउनु, नजिक पुग्नु, रूप ग्रहण गर्नु र उनीसँगै अभिन्न भएर मिल्नु वा उक्त अवसरमा सच्चा आराधना गर्ने साधकले मात्र पाउँदछ भनी उनको महत्व र विशिष्टताका बारेमा वर्णन गरिएको छ । गुह्यकालीको उपासना उनको निर्गुण र सगुण दुबै रूपमा गर्न सकिन्छ । उनको नाम पनि छैन र रूप पनि छैन भनिन्छ । उनलाई सीमारहित अनन्त मानिन्छ । उनी बालक, युवा, बृद्धा र स्त्री, पुरुष तथा नपुंसक केही पनि हैनन् । उनको जाति गोत्र, कुल पनि हुँदैन । उनको जन्म र मृत्यु पनि हुँदैन । उनी सृष्टि, स्थिति, संहार, अनाख्या र भासा पाँचै कृत्यहरूको सम्पादन गर्दछिन् र नित्य, शुद्ध, बुद्ध, मुक्त, सत्य, ज्ञानरूप परब्रह्म हुन् (भट्ट, २०६२) ।

त्यसैगरी तन्त्र साधकहरूले पनि गुह्येश्वरीलाई विशेष रूपमा मान्दछन् । कालीका नौ भेदहरूमध्ये एकको रूपमा गुह्येकालीलाई मानिन्छ । उनको उपासना पद्धति पनि बेग्लै रहेको देखिन्छ । ती नौ कालीहरूमा दक्षिणकाली, गुह्यकाली, भद्रकाली, कामकलाकाली, श्मशानकाली, धनकाली, महाकाली, सिद्धिकाली र चण्डीकाली रहेका छन् । तान्त्रिक साहित्यले ज्ञान र विज्ञानकै सार सन्देश दिइएको पाइन्छ, जसको लक्ष्यले जीवको अज्ञान हटाएर त्यसलाई शिव बनाउनु हो । त्यस्तो अज्ञान हटाउन मन्त्र, ध्यान, धारणा, न्यास, प्राणायाम आदि अनुशासनात्मक पद्धतिद्वारा षट्चक्रको ध्यान गरी कुण्डलिनी जागरण गरी सहस्रारमा पुऱ्याएर शक्तिको शिवसँग संयोग गराएर परम् आनन्दको प्राप्ति हुन्छ भन्ने विश्वास रहेको छ । गुश्येश्वरीको उपासनामा पनि यही लक्ष्य रहेको देखिन्छ । लक्ष्य प्राप्तिका लागि लक्षितमार्ग दक्षिणमार्ग र वाममार्ग गरी दुई रहेका छन् । वाममार्गबाट छिटो सफलता पाइने विश्वास पनि गरिन्छ । गुह्येश्वरीको

उपासनामा यो मार्गको विशेष महत्व पनि छ । तर यो तान्त्रिक पद्धति प्रायः लोप हुँदै गएको देखिन्छ (रेग्मी, २०५३) तर मन्दिरमा तान्त्रिक पद्धतिको पूजा विधिको निरन्तरता अहिले पनि छ ।

गुह्येश्वरीको जात्रा प्रतिवर्ष मार्गकृष्ण नवमीको दिन गरिन्छ । यसमा एउटा कलशमा गुह्येश्वरीको आह्वान र पूजाआजा गरी हनुमानढोका तलेजु मन्दिरबाट खटमा चढाई गुह्येश्वरी मन्दिरमा पुऱ्याइन्छ र त्यहाँ पनि सो कलशको पूजा गरेपछि भोलिपल्ट बेलुका तलेजुको मन्दिरमा लगिन्छ । हुन त गुह्येश्वरीको नित्य पूजा कर्माचार्यहरूबाट हुने गर्दछ । त्यसका अतिरिक्त प्रत्येक अष्टमी, पूर्णिमा, चैत्र र आश्विनको नवरात्रहरूमा गुह्यकालीको विशेष पूजा पनि हुन्छ। उनकै उपासना पछि रामले रावणमाथि विजय पाएको भनी विजयादशमकि दिन विशेष दर्शन गर्न भक्तजनहरूको भीड लाग्दछ । नेपालमा हिन्दूहरूबिच गुह्येश्वरीको महत्व र आराधनाले विशेष स्थान राख्दछ (रेग्मी, वि.सं. २०५३) । पशुपत क्षेत्रमा पुगेकाहरूको पशुपति पछि पुग्ने मन्दिर गह्येश्वरी नै पर्दछ ।

गुह्येश्वरीलाई हिन्दू सनातनीहरूले मात्र होइन, बौद्ध महायानीहरूले पनि त्यत्तिकै रूपमा मान्दछन् । चार योगिनीहरू खड्गयोगिनी, वज्रयोगिनी, आकाशयोगिनी र नैरात्म्ययोगिनीमध्ये गुह्यकालीलाई नैरात्म्ययोगिनीको रूपमा आराधना गर्दछन्। बौद्धमार्गीहरू गुह्येश्वरीलाई खगानना पनि भन्दछन् । खगानना नाम गुह्येश्वरीको कुण्ड आकाशतिर फर्केको हुनाले भनिएको मानिन्छ। बौद्ध महायान दर्शनमा आत्माभन्दा माथिको अवस्था नैरात्म्य हो। यसैकी अधिष्ठात्री गुह्यकाली हुन् भन्ने मान्दछन् (भट्ट, २०६२) । बौद्ध तन्त्रयानमा यसको ज्यादै महत्व मानिन्छ ।

बौद्धमार्गीहरूले आदिबुद्ध स्वयम्भू ज्योतिस्वरूपकी शक्ति प्रज्ञास्वरूप गुह्येश्वरीलाई मान्दछन् । काठमाडौं उपत्यका पानीले भरिएको तलाउ भएको बेलामा गुह्येश्वरी जलरूपकी छिन् र त्यसबाट उम्रेको कमलको फूलमाथि स्वयम्भू चैत्य रहेको स्थलमा आदिबुद्धको ज्योतिको उत्पत्ति भयो। बौद्धधर्मका विषयहरू बढी समेटिएका डेनियल राइटको वंशावलीमा गुह्येश्वरीको उत्पत्तिका सम्बन्धमा स्वयम्भू आदिबुद्धको उत्पत्तिसँग सम्बद्ध गरिएको पाइन्छ । उक्त आख्यानअनुसार नेपाल खाल्डो उपत्यका आदिकालमा गहिरो दहको रूपमा थियो । सत्ययुगमा बन्धुमती नगरबाट विपस्वी बुद्ध आई तलाउमा चैत्र पूर्णिमाको दिन कमलको बीउ रोपे र फर्के। बीउबाट एउटा कमलको फूल फुल्यो जसमा आश्विन पूर्णिमाको दिन स्वयम्भू ज्योति उत्पन्न भयो। स्वयम्भू ज्योतिको उत्पत्ति भएको सुनेर अरूणपुरीबाट शिखी बुद्ध यहाँ आएर स्वयम्भू ज्योतिको ध्यान गरेर मेष संक्रान्त्रिको दिन त्यही ज्योतिमा लीन भए। यसपछि त्रेतायुगमा अनुपम नगरबाट विश्वभू बुद्ध यहाँ आई एक लाख फूलले स्वयम्भू ज्योतिको पूजा गरी फर्के । त्यसपछि त्रेतायुगमा महाचीनबाट बोधिसत्व मञ्जुश्री आई स्वयम्भू ज्योतिको दर्शन गरेर दहको पानी सुकाउन दक्षिणतर्फको पहाड काटे । तलाउको पानी सुकेपछि मञ्जुश्रीले कात्तिक पूर्णिमाको दिन स्वयम्भूको विश्वरूपको रूपमा दर्शन पाए। यसपछि उनले उक्त कमलको फूलमा स्वयम्भू ज्योतिको पूजा गरे। उक्त कमलको जरो गुह्येश्वरी कुण्डमा रहेको पनि उनले देखे। उनले गुह्येश्वरीको पनि दर्शन गरे। त्यस्तै त्रेतायुगमा क्षमावती नगरबाट ऋकुच्छन्द बुद्ध यहाँ आएर स्वयम्भू ज्योति र गुह्येश्वरीको पनि दर्शन पाए (स्वयम्भू पुराण, ने.सं. ९३४) । द्वापारयुगमा शोभावती नगरबाट कनकमुनि बुद्ध यहाँ आएर स्वयम्भू र गुह्येश्वरीको दर्शन गरे । यसपछि काशीबाट कश्यप बुद्ध यहाँ आएर स्वयम्भू र गुह्येश्वरीको दर्शन

गरे । स्वयम्भू पुराणमा उल्लेख भए अनुसार खगानना गुह्येश्वरीबारे खगानना नेपालकी मुख्य देवी हुन् भन्दै यिनी योनीको आकारले उत्पन्न भएकी हुन् । यिनी तीनपाते कमलको रूपमा छिन् । तीनलोकमा यिनी धर्मोदया स्वरूपले प्रख्यात छिन् । यिनी तीनै लोकमा यौटै माताको रूपमा प्रसिद्ध छिन् । यिनी त्रैलोक्य जननी हुन् । यिनी उत्तरपट्टि फर्केर रहेकी छन् । यिनी नेपालको २४ पीठहरूमध्ये बीरेश्वरीको रूपमा पनि कहलाइएको छिन् (रेग्मी, २०५३) । स्वयम्भू पुराणमा खगानना वा गुह्येश्वरीलाई विभिन्न स्वरूपमा व्याख्या गरिएको छ र उनलाई पञ्चबुद्धकी मुकुट रूप भएकी र सबै तथागतहरूकी जननी स्ववर्ण शून्य रूपमा अवस्थित छन् पनि भनिएको छ (स्वयम्भू पुराण, ने.सं. ९३४) स्वयम्भू पुराणका अनुसार शून्य स्वरूपिणी यिनी बौद्धहरूकी माता हुन्, भिक्षु भिक्षुणी, स्थविर, सबै बोधिसत्य, सबै महापुरुष उपासक र उपासिका आदि सबै बोधिप्राप्त गर्नेहरूकी माता हुन् । यिनी प्रज्ञा पारमिता रूपकी छन् । बौद्धहरूकी पनि यिनी जननी हुन् ।

बौद्धहरू यिनलाई बज्रिनीका रूपमा र योगीहरू यिनलाई योगिनीका रूपमा मान्दछन् । सबै प्राणीहरूकी जननी भएकीले यिनी विश्वरूपिणी पनि हुन् । सबैले यिनलाई बौद्धमाता मानेका छन् । त्यस्तै शैवहरू शिवरूपिणी, वैष्णवहरू वैष्णवीका रूपमा, बाह्मणहरू ब्राह्माणीको रूपमा मानी विश्वरूप मोक्षमाता मान्दछन् । यिनको पूजा फूल, धूप, मासु, मद्य र आ–आफ्नो खाने वस्तुहरू समेतले पनि गर्दछन् (पुरी, २०७६) । यसरी दुबै पक्षले शक्तिको स्वरूपमा मानेको देखिन्छ ।

यिनको पहिलो पूजा मञ्जुश्रीले गरे । स्वयम्भू पुराणअनुसार मञ्जुश्रीले नागदह खोलेपछि खगाननाको पाउरूपी कमलको पूजा गरेका थिए । उनले त्यसरी पूजा गर्दा दर्शन पनि पाए । उनको यो पूजामा केशिनी र उपकेशिनी पनि साथमा थिए । मार्गकृष्ण नवमीको दिन स्नान ध्यान गरेर खगाननाको वारम्वार पूजा गर्दै उपवास गरेर राति जागरण पनि गरेका थिए । उनले आफ्ना दुई श्रीमतीसँगै पूजा गर्दा फूल धूप, चन्दन, दीप, मद्य, मांस, लेह्य र पेय वस्तुहरूले राति पूजा गरेर खगाननाको मन्त्र जपेर स्तोत्र पाठ गरेर राति जाग्राम बसेका थिए । बिहान भएपछि शान्तितीर्थमा गएर जल तर्पणदान गरेर आई खगाननाको स्तुति खुसी भएर आदरपूर्वक गरेर विविध पाठ र गाथाहरू पनि पढेका थिए । उनले त्यस अवसरमा ठूलो दान पनि गरे । पूजा आराधना पछि देवीलाई प्रणाम गरी अभिषेक गरे आँखामा प्रसादको लेप लगाए अनि देवीको जलरूपी अमृत लिए । मञ्जुश्रीले आफ्ना दुबै पत्नीहरूसँगै भएर तीन अञ्जुली जल पनि पिए । त्यस पछि आफ्ना सबै शिष्यहरूलाई प्रसाद दिए । यसो गर्दा तत्कालै अज्ञान नाश भएर सद्ज्ञान पाइन्छ भन्ने भक्तहरूको विश्वास छ (स्वयम्भू पुराण, ने.सं. ९३४) । महायान बौद्ध परम्परामा उपासक उपासिकाहरू यही सत्यलाई मानि त्यहा पुग्ने मनसाय राख्दछन् । दुबै सम्प्रदायकाले आफ्नो विधि र परम्परा अनुसार भेदभाव बिना र बिबाद नगरी मान्दै र मनाउदै आएका छन् । यसरी नै सर्वसाधारणले पनि दुबैका चाडवाड र तिथि मितिमा देवी वा नैरात्म्ययोगिनी भनी मान्दै पूजा र दर्शनका लागि जाने गर्दछन् । यसरी दुबै धर्मावलम्बीले गुह्येश्वरी वा नैरात्म्ययोगिनीलाई धार्मिक र सांस्कृतिक समन्वयका रूपमा आफ्नै महत्वको विशेष स्थान मान्दछन् ।

## निष्कर्ष

नेपालको धार्मिक र सांस्कृतिक समन्वयको पक्षसँग गह्येश्वरी वा नैरात्म्ययोगिनी जोडिदै आएको तथ्य यस अध्ययनले थप प्रष्ट पारेको छ । पशुपत क्षेत्रमा रहेको गुश्येश्वरी वा नैरात्म्ययोगिनीलाई नेपालमा प्रचलित सनातन हिन्दू र उपत्यकामा प्रचलित बज्रयान बौद्ध परम्परामान्ने अनुयायीले विशेष शक्तिदायी देवी वा योगिनीको रूपमा लिएको देखिन्छ। जसलाई दुबै सम्प्रदायले तन्त्र साधनाको केन्द्र पनि मानेका छन्। दुबैले त्यहाँ आफ्नै विधि र परम्पराले दैनिकी पूजा, आरधना र साधना गर्दछन् । सामन्यतया त्यहा हुने वा मानिने विशेष दिन वा तिथि मिति पनि कतिपय एकै दिन पर्दछन् । जुन समयमा दुबै धर्मावलम्वीका आ–आफ्ना गुरू, पुरोहित र बज्राचार्य वा गुभाजुबाट पूजा र दुबैको बेग्ला बेग्लै मन्त्र र परम्पराबाट सिद्धि प्राप्तिका कार्य सम्पन्न हुने वा गर्ने गर्दछ। कतिपय मेला, पर्व र जात्रा संयुक्त रूपमा चल्दछन् भने दुबैको आस्थाको केन्द्र र दुबैले शक्ति प्राप्ति, साधना र सिद्धिको लागि विशेष मानेको एकै देवी र एकै स्थल धार्मिक तथा सांस्कृतिक सहकार्य र समन्वयको लागि उदाहरणीय देखिन्छ। जुन नेपालको धार्मिक र सांस्कृतिक समन्यको लागि उल्लेखनीय महत्वको स्थान र विषय पनि हो भन्ने देखिन्छ। यसरी चल्दै र चलाइदै आएको समन्वयात्मक परम्परा, मान्यता र जनविश्वास नेपालको पहिचानको विषय पनि हो ।

## सन्दर्भ सामग्रीसूची

उपाध्याय, विद्यानाथ (२०६२), *तन्त्रविद्यालोक,* अन्नपूर्ण उपाध्याय भट्ट ।

उपाध्याय, श्यामसुन्दर (सन् २००२), *सनातन हिन्दू धर्म और बौद्ध धर्म,* विश्वविद्यालय प्रकाशन ।

कोन्ज, ई. (सन् १९५९), *बुद्धिजमः इट्स् इसेन्स् एण्ड डेभलपमेन्ट,* युएसए ।

पुरी, उद्धव (२०७६), *नेपालमा धार्मिक र संस्कृतिक समन्वयका मुख्य आधारहरु,* तलेजु प्रकाशन ।

पुरी, उद्धव (२०७६), *नेपाली बौद्ध धर्म, व्रत र दान,* तलेजु प्रकाशन ।

*पूर्णिमा* (२०४४, पूर्णाङ्क ७२, संशोधन मण्डल ।

बज्राचार्य, रञ्जना (२०६५), *नेवार बौद्ध संस्कार,* नेपाल एशियाली अनुसन्धान केन्द्र त्रि.वि. ।

रेग्मी, जगदीशचन्द्र (२०५०), *प्राचीन नेपाली संस्कृति,* साझा प्रकाशन ।

रेग्मी, जगदीशचन्द (२०५३), *पशुपति–गुह्येश्वरी माहात्म्य,* नइ प्रकाशन ।

*स्वयम्भू पुराण*  (ने.सं.९३४), रुद्र वर्म महाविहार ।

श्रेष्ठ, खड्गमान (२०६७), *बुद्धिजम् इन नेपाल,* नेपाल बुद्धिष्टडेभलपमेन्ट एण्ड रिसर्च सेन्टर ।

श्रेष्ठ, तुलसीनारायण (२०६६), *नेपालका नेवारहरु,* अनुसन्धान तथा विकास संस्था ।